# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, श्रावण ६ गते २०२४ साल [ अतिरिक्ताङ्क १६

श्री ५ को सरकार

कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०२४ सालको ऐन नं. १०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्वि राजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



396

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## निर्वाचन अपराध र सजायं सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– निर्वाचन अपराध र सजायं सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४" रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "निर्वाचन" भन्नाले नेपालको संविधान र तत्काल प्रचलित नेपाल कानून बमोजिम गाउँ पञ्चायत, नगर पञ्चायत, जिल्ला सभा, जिल्ला पञ्चायत र राष्ट्रिय पञ्चायतको तथा नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल किसान संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठनका सबै तहको र अञ्चल सभाबाट हुने कुनै अन्य निर्वाचन सम्झनु पर्छ।

(ख) "उम्मेदवार" भन्नाले निर्वाचनको निमित्त प्रचलित ऐन बमोजिम उम्मेदवारको रूपमा खडा भएको व्यक्तिलाई सम्झनु पर्छ।

(ग) "निर्वाचनको अधिकार" भन्नाले कुनै व्यक्तिले निर्वाचनमा उम्मेदवारभई खडा हुने वा नहुने वा उम्मेदवारबाट आफ्नो नाम फिर्ता लिने वा नलिने वा निर्वाचनमा मत दिने वा नदिने अधिकार सम्झनु पर्छ।

(घ) "निर्वाचन विशेष अदालत" भन्नाले दफा १६ बमोजिम गठन भएको निर्वाचन विशेष अदालतलाई सम्झनु पर्छ।

(ङ) "निर्वाचन आयोग" भन्नाले नेपालको संविधान र तत्काल प्रचलित नेपाल कानून बमोजिम गठन भएको निर्वाचन आयोग सम्झनु पर्छ।

३. निर्वाचनको अधिकार प्रयोग गर्न इनाम दिन वा लिन नहुनेः– (१) कसैले कसैलाई निजको निर्वाचनको अधिकार प्रयोग गर्न वा गरे वापत वा अरू कसैलाई त्यस्तो अधिकारको प्रयोग गर्न लगाउनको निमित्त इनामको रूपमा नगद, जिन्सी वा कुनै प्रकारको सेवा दिन, दिने मन्जूर गर्न वा उद्योग गर्न हुँदैन।

(२) कसैले निर्वाचनको अधिकार प्रयोग गर्न वा गरे वापत वा अरू कसैलाई त्यस्तो अधिकारको प्रयोग गर्न, लगाउन वा लगायवापत वा सो कुराको उद्योग गरे वापत कसैबाट आफ्नो वा अरू कसैको निमित्त इनामको रूपमा नगद, जिन्सी वा कुनै प्रकारको सेवा लिन लिने मन्जूर गर्न वा उद्योग गर्न हुँदैन।

(३) उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक नीतिको घोषणा वा कुनै सार्वजनिक सेवा गर्ने प्रतिज्ञा गरेमा सो उप-दफाहरूमा लेखिए बमोजिम अपराध गरेको मानिने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. निर्वाचनमा अनुचित प्रभाव पार्न नहुनेः– (१) उम्मेदवार वा निजको तर्फबाट काम गर्ने कुनै व्यक्तिले कुनै उम्मेदवार वा मतदातालाई वा निजहरू मध्ये कसैको सरोकार वा स्वार्थ भएको अन्य कुनै व्यक्तिलाई कुनै किसिमको क्षति पुऱ्याउने वा सामाजिक वहिस्कार गर्ने धम्की दिन वा कुनै किसिमको दैवी प्रकोप वा पापको भागी हुनेछ भन्ने त्रासमा पार्न वा निर्वाचनको अधिकारको आफू खुशी प्रयोगमा अन्य कुनै प्रकारले अनुचित प्रभाव पार्न वा त्यस्तो कुनै कुराको उद्योग गर्न हुँदैन।

तर, कुनै सार्वजनिक नीतिको घोषणा वा कुनै सार्वजनिक सेवा गर्ने प्रतिज्ञा गरेको-मा वा कुनै अनुचित प्रभाव पार्ने उद्देश्य नभई आफ्नो कुनै कानूनी अधिकार प्रयोग गरेकोमा यस दफा बमोजिम अपराध गरेको मानिने छैन।

(२) कसैले निर्वाचनको नतीजामा प्रभाव पार्ने मनसायले कुनै उम्मेदवारको व्यक्तिगत चरित्र वा आचरणको सम्बन्धमा आफूले झुठो हो भनी जानेको वा विश्वास गरेको कुनै कुरालाई सांचो हो भनी प्रचार गर्न हुँदैन।

(३) कसैले निर्वाचन जित्न वा जिताउन सम्प्रदाय, जात वा धर्मको आधारमा मत दिन वा मत नदिन अनुरोध वा आह्वान गर्न हुँदैन।

५. निर्वाचनमा नाम ढाट्न नहुनेः– निर्वाचनमा अर्काको नामबाट वा बनावटी नामले मतदान पत्र लिन वा मत दिन वा एक पटक कुनै निर्वाचनमा मत दिई सकेपछि फेरि सोही निर्वाचनमा आफ्नो नामले मतदान-पत्र लिन वा मत दिन वा त्यस्तो कुनै कुरा गर्न मद्दत वा उद्योग गर्न वा दुरुत्साहन दिन हुँदैन।

६. उम्मेदवार हुन नपाउनेः– (१) देहायमा लेखिए बमोजिमको कुनै व्यक्ति कुनै निर्वाचनमा उम्मेदवार हुन पाउने छैनः–

(क) मगज बिग्रेको वा लाटो, वाक्य बन्द भएको,

(ख) नैतिक पतन देखिने कुनै अभियोगमा दोषी प्रमाणितभई सो बापत ६ महीना भन्दा बढी कैदको सजाय भएको र त्यस्तो कैदको सजाय भोगी सकेका मितिले पाँच वर्ष भुक्तान नभएको,

(ग) टाट उल्टि साहुको दामासाहीमा परेको,

(घ) बहालवाला सरकारी कर्मचारी,

(ङ) कुनै तहको पञ्चायतको कर्मचारी।

(२) कुनै व्यक्ति संघ संस्था (नियन्त्रण गर्ने) ऐन, २०१९ वा राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत कुनै अदालतको फैसलाबाट कैदको सजाय पाएमा त्यस्त व्यक्तिले सो सजायं भोगी रहुन्जेल र सजाय भोगी सकेको मितिले दुइ वर्षसम्म कुनै निर्वाचनमा उम्मेदवारहुन पाउने छैन।

395
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै निर्वाचनमा उम्मेदवारको रूपमा खडा भएको व्यक्ति उप-दफा (१) वा (२) बमोजिमको अयोग्यताको अवस्थामा परेमा मतदान शुरू हुनुभन्दा अगावै जुनसुकै बखत पनि त्यस्तो उम्मेदवारको दरखास्त स्वतःखारेज हुनेछ ।

(४) उप-दफा (३) बमोजिम भएको कारवाईमा चित नबुझ्ने व्यक्तिले सम्बन्धित निर्वाचन विशेष अदालतमा उजूरी गर्न सक्नेछ ।

७. <u>निर्वाचन हुने दिन निर्वाचनको प्रचार गर्न नहुने</u>:– कुनै व्यक्तिले मतदान हुने दिनमा प्रिजाइडिङ्ग अफिसरले तोकेको मतदान केन्द्रको क्षेत्र भित्र मत लिने दिने कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै किसिमको प्रचार गर्न वा त्यस्तो उद्देश्यले कुनै सभा बोलाउन वा गर्न वा त्यस्तो सभामा हाजिर हुन हुँदैन ।

८. <u>मतदान गोप्य राख्ने</u>:– कानून बमोजिम अधिकार पाएकोमा बाहेक निर्वाचन सम्बन्धी कुनै काम गर्ने कुनै कर्मचारी, एजेन्ट वा अन्य कुनै व्यक्तिले मत दर्ता वा गन्ती वा तत्सम्बन्धी अन्य कुराहरू प्रकाशित गर्न हुँदैन ।

९. <u>निर्वाचन सम्बन्धी काम गर्ने कुनै कर्मचारीले मतदानमा प्रभाव पार्न नहुने</u>:– निर्वाचन सम्बन्धी काम गर्ने कुनै कर्मचारीले कानून बमोजिम आफ्नो मत दिन बाहेक कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मत दिन वा नदिन कसैलाई प्रेरित गर्न वा कुनै किसिमले प्रभाव पार्न हुँदैन ।

१०. <u>मतदान केन्द्र वा त्यसको नजिक शान्ति भङ्ग गर्न निषेध</u>:– मतदाता वा निर्वाचनको काममा खटिएका कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्रमा वा त्यसको नजिकमा कसैले लाउडस्पीकर, मेगाफोन वा त्यस्तो अरू कुनै यन्त्र प्रयोग गर्न वा कराउन हल्ला मच्चाउन वा अशान्ति फैलाउने अरू कुनै काम गर्न हुँदैन ।

११. <u>मतदान केन्द्रमा दुर्व्यवहार गर्न निषेध</u>:– छल कपट गरी वा सो गर्ने उद्देश्यले कुनै व्यक्तिले कुनै निर्वाचनमा देहायमा लेखिएको कुनै काम गर्न हुँदैन ।

(क) कुनै व्यक्तिले निर्वाचनमा उम्मेदवार हुन दिएको दरखास्त च्यात्न, नास गर्न वा त्यसमा लेखिएको कुनै कुरा मेट्न वा सच्याउन, वा

(ख) निर्वाचनको काममा खटिएको कुनै कर्मचारीले टांसेको वा टास्न लगाएको कुनै फिहरिस्त सूचना वा अन्य कुनै कागजात मेट्न , सच्याउन, बिगार्न, च्यात्न, हटाउन वा कुनै प्रकारले नास गर्न, वा

(ग) कुनै मतदानपत्रमा लागेको कुनै अड्डा वा अधिकारीको दस्तखत, छाप वा अन्य कुनै चिह्न मेट्न, च्यात्न वा बिगार्न, वा

(घ) कुनै व्यक्तिलाई मतदानपत्र दिन वा आफूले खसाल्न अधिकार पाएको मतदान-पत्र बाहेक अरू कुनै कुरा मतदान पेटिकामा खसाल्न, वा

320

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) निर्वाचनको काममा प्रयोग भएको मतदान पेटिका बिगार्न, खोल्न वा नोक्सान गर्न, वा

(च) निर्वाचनको काममा प्रयोग भएको मतदानपत्र कुनै प्रकारले नोक्सान गर्न, वा

(छ) कुनै मतदान केन्द्रबाट मतदानपत्र बाहिर लैजान, वा

(ज) निर्वाचनको काममा खटिएका कर्मचारीहरूलाई निजहरूको काममा बाधा पार्न, वा

(झ) माथि खण्ड (क) देखि (ज) सम्ममा उल्लेख भएको कुनै काम गर्न उद्योग गर्न वा मद्दत दिन वा दुरुत्साहन गर्न ।

१२. गिरफ्तार गर्न सकिने:– कुनै व्यक्तिले दफा ७ वा ११ मा मनाही गरिएको कुनै काम गरेमा वा मतदान हुने समयभित्र कुनै मतदान केन्द्रमा कुन गोलमाल गरेमा वा सो मतदान केन्द्रमा खटिएको निर्वाचन अफिसर, रिटर्निङ्ग अफिसर, प्रिजाइडिंग अफिसर वा पोलिङ्ग अफिसरले कानून बमोजिम दिएको कुनै आदेश नमानेमा सो अफिसरको आदेशले त्यस्तो व्यक्तिलाई त्यहां खटिएका प्रहरीले पक्राउ गरी कारवाही गर्न सक्नेछ ।

१३. सजाय:– (१) कसैले दफा ३, ४, ५ वा ११ को बर्खिलापको काम गरेमा निजलाई रु. ३००।– तीन सयसम्म जरिवाना वा एक महीनासम्म कैद वा दुबै सजाय हुनेछ ।

(२) कसैले दफा ७ वा १० को बर्खिलाप कुनै काम गरेमा वा त्यस्तो काम गर्ने कसैलाई मद्दत वा दुरुत्साहन दिएमा निजलाई रु. २५०।– दुइसय पचाससम्म जरिवाना हुन सक्नेछ ।

(३) कसैले दफा ८ वा ९ को बर्खिलाप कुनै काम गरेमा वा त्यस्तो काम गर्न कसैलाई मद्दत वा दुरुत्साहन दिएमा निजलाई रु. ५००।– पांचसयसम्म जरिवाना वा तीन महीनासम्म कैद वा दुबै सजाय हुन सक्नेछ।

(४) कानून बमोजिम निर्वाचन अफिसर, रिटर्निङ्ग अफिसर, प्रिजाइडिङ्ग अफिसर वा पोलिङ्ग अफिसरको आदेशले कुनै मतदान केन्द्रबाट हटाइएको कुनै व्यक्तिले त्यस्तो कुनै अफिसरको अनुमतिबिना सो ठाउंभित्र फेरि प्रवेश गरेमा निजलाई रु. २५०।– दुइ सय पचाससम्म जरिवाना वा एक महीनासम्म कैद वा दुबै सजाय हुन सक्नेछ।

(५) निर्वाचन सम्बन्धी कुनै कर्मचारीले कानून बमोजिम आफूले गर्नु पर्ने निर्वाचन सम्बन्धी कुनै काम नगरेमा वा गर्न नहुने कुनै काम गरेमा यस दफाका अन्य उप-दफा बमोजिम अरू कुनै सजाय हुनेमा बाहेक निजलाई रु. ५००।– पांचसयसम्म जरिवाना हुन सक्नेछ ।

१४. निर्वाचन बदर हुने:– (१) कुनै निर्वाचन देहाय बमोजिम भएको हो भनी सम्बन्धित उम्मेदवारले उजूर गर्न सक्नेछ र सो कुरा प्रमाणित भएमा सो निर्वाचन बदर हुनेछ ।

(क) सो निर्वाचनमा व्यापक रूपमा दफा ३,४,५,९ वा दफा ११ को खण्ड

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क), (ङ) वा (च) को बर्खिलाप काम कारवाही भएकोले निर्वाचन निष्पक्ष भएन भनी, वा

(ख) कसैले निर्वाचनमा उम्मेदवार हुन दिएको दरखास्त सदर गर्नु पर्नेमा सदर नगरिएकोले वा बदर वा खारेज गर्नु पर्नेमा बदर वा खारेज नगरिएकोले सो निर्वाचनको नतीजा वास्तवमा फरक पऱ्यो भनी,

(२) कुनै निर्वाचनमा देहाय बमोजिम भएको छ भनी सम्बन्धित उम्मेदवारले उजूर गर्न सक्नेछ र सो कुरा प्रमाणित भएमा निर्वाचित उम्मेदवारको निर्वाचन बदर भई मुद्दा हेर्ने अधिकारीले उजूरवाला वा अन्य कुनै व्यक्ति उचित तवरले निर्वाचित भएको भनी फैसला गर्न सक्नेछः–

(क) उजूरवाला वा अन्य कुनै उम्मेदवारले वैध तरीकाले बहुमत पाएको हो भनी वा,

(ख) सो निर्वाचनमा दफा ३,४,५,६ वा दफा ११ को खण्ड (क), (ङ) वा (च) को बर्खिलाप गरी निर्वाचित उम्मेदवारले मत नपाएको भए उजूरवाला वा अन्य कुनै उम्मेदवारले बहुमत पाउने थियो भनी ।

(३) उप-दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुरा प्रमाणित भएमा सम्पूर्ण निर्वाचन वा निर्वाचित उम्मेदवारको निर्वाचन बदर हुने छैनः–

(क) दफा ३,४,५,६ वा दफा ११ को खण्ड (क), (ङ) वा (च) को बर्खिलाप भएको काम कारवाही निर्वाचित उम्मेदवार वा निजको एजेन्टको आज्ञा विरूद्ध वा अनुमति विना भएको हो भन्ने, वा

(ख) खण्ड (क) मा उल्लेख भएको कुनै काम कारवाईबाट निर्वाचनको परिणाममा वास्तवमा केही असर परेको छैन वा निर्वाचित उम्मेदवार वा निजको एजेण्टले सो निर्वाचनमा त्यस्ता काम कारवाई हुन नदिन सकभर प्रयास गरेको थियो भने ।

(४) निर्वाचन विशेष अदालतले उप-दफा (१) वा (२) बमोजिम सम्पूर्ण निर्वाचन वा कुनै निर्वाचित उम्मेदवारको निर्वाचन बदर हुने गरी फैसला गर्दा देहाय बमोजिमका कुराहरू सो फैसलामा स्पष्ट रूपमा उल्लेख गर्नुपर्छः–

(क) उजूरवालाले उजूर गरेको कुरा सावित भए वा नभएको र सावित भएको भए कुन कुरा कसरी सावित भएको हो भन्ने, र

(ख) निर्वाचन बदर हुने काम कारवाही गर्ने व्यक्तिहरूको पूरा नाम, वतन र निजले गरेको अपराधको किसिम ।

१५. कानूनी कारवाई गर्ने अधिकारः– दफा १३ को उप-दफा (२) अन्तर्गत सजाय हुने अपराधका सम्बन्धमा जाँच बुझ गरी सजायको आदेश दिने अधिकार सम्बन्धित निर्वाचन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अफिसरलाई वा निजद्वारा अधिकृत व्यक्तिलाई हुनेछ र सो आदेश उपर कानून बमोजिम सम्बन्धित निर्वाचन विशेष अदालतमा पुनरावेदन लाग्न सक्नेछ। त्यस सम्बन्धमा निर्वाचन विशेष अदालतले दिएको आदेश अन्तिम हुनेछ।

१६. निर्वाचन विशेष अदालतहरूको गठन तथा निर्णयः– (१) दफा १५ मा लेखिएदेखि बाहेक दफा १३ र १४ अन्तर्गतको मुद्दा मामिलाको कारवाई र किनारा गर्ने अधिकार निर्वाचन आयोगको सिफारिसमा श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा गठन गरेको निर्वाचन विशेष अदालतलाई हुनेछ।

(२) उप-दफा (१) अन्तर्गत गठन भएको निर्वाचन विशेष अदालतले गरेको निर्णय अन्तिम हुनेछ। सो निर्णय उपर कुनै अदालतमा पुनरावेदन लाग्ने छैन।

१७. श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गर्नेः– दफा १४ र १६ मा जेसुकै लेखिएको भए तापनि यो ऐन बमोजिम निर्वाचन विशेष अदालतमा परेको कुनै मुद्दा मामिलामा नेपालको संविधानको धारा ३६ अनुसार श्री ५ महाराजाधिराजबाट निर्णय हुनु पर्ने प्रश्न उपस्थित भएमा निर्वाचन विशेष अदालतले सो सम्बन्धमा आवश्यक जाँच बुझ गरी अन्तिम निर्णयको लागि सम्बन्धित मिसिल समेत श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गर्नु पर्छ, र त्यसरी जाहेर भएकोमा नेपालको संविधानको धारा ३६ अनुसार हुनेछ।

१८. उजूर गर्ने हद म्यादः– (१) यो ऐन अन्तर्गतको मुद्दामा उजूर गर्ने देहाय बमोजिम हद म्याद पाइनेछः–

(क) गाउँ पञ्चायत, नगर पञ्चायत, जिल्ला सभा र वर्गीय तथा व्यावसायिक संगठनहरूको प्रारम्भिक तह र जिल्लास्तरको निर्वाचनको सम्बन्धमा २५ दिन,

(ख) जिल्ला पञ्चायत अञ्चल सभाबाट हुने राष्ट्रिय पञ्चायत बाहेकको अन्य निर्वाचन र वर्गीय तथा व्यावसायिक संगठनहरूको अञ्चलस्तरको निर्वाचनको सम्बन्धमा २५ दिन,

(ग) वर्गीय तथा व्यावसायिक संगठनहरूको केन्द्रीयस्तरको निर्वाचनको सम्बन्धमा ३५ दिन,

(घ) अञ्चलसभा वर्गीय तथा व्यावसायिक संगठनहरू र स्नातक मध्येबाट राष्ट्रिय पञ्चायतको लागि भएको वा हुने निर्वाचनको सम्बन्धमा ३५ दिन।

स्पष्टीकरणः– यस उप-दफाको प्रयोजनको निमित्त उजूर गर्ने हदम्याद कायम गर्दा उजूर गर्नुपर्ने कारण उपस्थित भएको मितिले हदम्याद कायम हुनेछ।

३२३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन अन्तर्गत कुनै निर्वाचनको सम्बन्धमा नालिस वा उजूर गर्नुपर्दा सम्बन्धित व्यक्तिले सम्बन्धित निर्वाचन अफिसर छेउ वा सम्बन्धित निर्वाचन विशेष अदालतमा उजूरी दिनु पर्नेछ र सम्बन्धित निर्वाचन अफिसरले पनि आफू समक्ष दायर भएका त्यस्तो सबै उजूरीहरू सम्बन्धित तहको निर्वाचन विशेष अदालतमा तुरुन्त पठाई दिनु पर्छ ।

१९. उजूरीमा कारवाई नहुने अवस्थाः– (१) यस ऐन बमोजिम दिइएको उजूरीपत्र कानून बमोजिमको रीत नपुगेको वा म्यादभित्र नदिइएको देखिएमा सो उजूरीमा कुनै कारवाई हुनेछैन ।

(२) विपक्षीको मृत्यु भएमा दफा १४ को उप-दफा (१) बमोजिमको उजूरी खारेज गर्न सकिने छ ।

२०. उजूरी फिर्ता लिन सकिनेः– (१) उजूरवालाले निवेदन–पत्रदिई दफा १४ बमोजिम आफूले दिएको उजूरी निर्वाचन विशेष अदालतको अनुमतिले फिर्ता लिन सक्नेछ ।

तर, निर्वाचन विशेष अदालतको रायमा उजूरवालाले कुनै अनुचित लाभको लागि उजूरी फिर्ता लिने निवेदन दिएको हो भन्ने लागेमा सो उजूरी फिर्ता लिन अनुमति दिइने छैन ।

(२) उप-दफा (१) बमोजिम उजूरी फिर्ता लिन निर्वाचन विशेष अदालतले अनुमति दिंदा सो मुद्दाको सिलसिलामा विपक्षीले व्यहोर्नु परेको मनासिब माफिकको खर्च निजलाई उजूरवालाले दिने गरी आदेश दिन सक्नेछ ।

२१. धरौटी राख्नु पर्नेः– उजूरवालाले यस ऐन बमोजिम कुनै उजूरी दिंदा देहायका निर्वाचनको सम्बन्धमा देहाय बमोजिम धरौट राख्नु पर्नेछ र उजूरी झुट्टा ठहरिएमा सो धरौट जफत हुनेछ ।

(क) गाउँ पञ्चायत र वर्गीय तथा व्यावसायिक संगठनको प्रारम्भिक तहको निर्वाचनको सम्बन्धमा रू. १०।– दश,

(ख) नगर पञ्चायत र जिल्ला सभाको निर्वाचनको सम्बन्धमा रू. ४०।– चालीस,

(ग) जिल्ला पञ्चायत र वर्गीय तथा व्यावसायिक संगठनको जिल्ला स्तरको निर्वाचनको सम्बन्धमा रू. ८०।– असी,

(घ) अञ्चल सभाबाट हुने राष्ट्रिय पंचायत बाहेकको अन्य निर्वाचन र वर्गीय तथा व्यावसायिक संगठनको केन्द्रीयस्तरको निर्वाचनको सम्बन्धमा रू. १००।– एकसय, र

(ङ) राष्ट्रिय पञ्चायतको निर्वाचनको सम्बन्धमा रू. १२०।–एकसय बीस ।

328

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. मतदानको गोप्यता भङ्ग गर्न नहुनेः– यो ऐन वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन अन्तर्गत चलेको कुनै मुद्दा मामिला वा कानूनी कारवाइ मा कुनै पनि साक्षी वा अन्य कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी सोधिने छैन।

२३. मत बराबर भएमा गर्नेः– यो ऐन बमोजिम परेको उजूरीको कारवाइको सिलसिलामा सम्बन्धित निर्वाचनमा खडा भएका उम्मेदवारहरूको कानून बमोजिम पाएको मत संख्या बराबर देखिन आएमा सो कारवाई चलाउने निर्वाचन विशेष अदालतले गोला हाली निर्वाचित उम्मेदवारको घोषणा गर्न सक्नेछ।

२४. फैसलाको सूचना दिनेः– निर्वाचन विशेष अदालतले आफ्नो फैसलाको व्यहोरा निर्वाचन आयोग तथा सम्बन्धित तहको पञ्चायत वा वर्गीय तथा व्यावसायिक संगठनलाई सूचित गर्नुपर्छ। त्यस्तो सूचना प्राप्त भएको मितिले निर्वाचन बदर भएको व्यक्तिले आफू निर्वाचित भएको पञ्चायत वा वर्गीय र व्यावसायिक संगठनमा भागलिन पाउने छैन।

२५. विशेष सुविधाः– निर्वाचन विशेष अदालतको कारवाइमा सोधिएको कुनै प्रश्नका सम्बन्धमा कुनै साक्षीले दिएको उत्तरलाई निजको विरूद्ध चलेको कुनै फौज्दारी वा देवानी मुद्दामा प्रमाणको रूपमा पेश गर्न पाइने छैन।

२६. खारेजीः– देहायका नेपाल ऐनका देहायका परिच्छेदहरू खारेज गरिएका छन्:–

(क) राष्ट्रिय पञ्चायत (स्नातक प्रतिनिधित्व) ऐन, २०१९ को परिच्छेद ६ र ७,

(ख) राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐन, २०१९ को परिच्छेद ५ र ६,

(ग) राष्ट्रिय पञ्चायत (वर्गीय र व्यावसायिक संगठन प्रतिनिधित्व) ऐन, २०१९ को परिच्छेद ५ र ६।

२७. निर्वाचन (अपराध तथा सजाय) अध्यादेश, २०२३ निष्क्रिय भएपछि त्यसको परिणामः– निर्वाचन (अपराध तथा सजाय) अध्यादेश, २०२३ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएसम्म सो निष्क्रियतालेः–

(क) निस्क्रिय हुंदाको बखत कायम नरहेको कुनै कुरालाई जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्नेछैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुबिधा, कर्तव्य वा दायित्वमा असर पार्नेछैन,

327
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सो अध्यादेश विरुद्ध गरेको कुनै कसूर वापत भएको कुनै दण्ड सजायलाई असर पार्नेछैन, र

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुबिधा, कर्तव्य, दायित्व, दण्ड सजायका सम्बन्धमा गरिएको कुनै कानूनी कारवाइ वा उपायलाई असर पार्नेछैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाइ वा उपायलाई शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ र त्यस्तो दण्ड सजाय पनि गर्न सकिनेछ ।

लाल मोहर सदर मिति २०२४।४।६।६

आज्ञाले–
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको का.मु. सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

३२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।